नेपाल सरकार
# बर्दिवास नगरपालिका कार्यालय
बर्दिवास, महोत्तरी

☎ ०४४-५५०६७५

पत्र संख्या : ०७३/०७४
च.नं :- ४२०८

मिति : २०७३।०३।२०

विषय :- सुचना टाँस गरी जानकारी पठाइदिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय
महोत्तरी
श्री जि.वि.स.को कार्यालय
महोत्तरी
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
महोत्तरी
श्री एकीकृत सेवा केन्द्र
बर्दिवास
श्री मालपोत कार्यालय
बर्दिवास
श्री बर्दिवास ...
बर्दिवास
श्री नापी कार्यालय
बर्दिवास

उपरोक्त विषयमा यस कार्यालयद्धारा मिति ०७३।०३।२० गते ( द पब्लिक टुडे दैनिक पत्रिकामा मिति २०७३।०३।२० ) मा प्रकाशित बजार ठेक्का सम्बन्धि सूचना थान १ यसै साथ संलग्न गरी पठाइएको छ । प्राप्त भएपछि त्यहाँको सूचना पाटीमा टाँस गरी जानकारी पठाइदिन हुन अनुरोध छ ।

E-Mail: bardibasmunicipality@gmail.com, WebSite-www.bardibasmun.gov.np

# बर्दिवास नगरपालिका कार्यालय

## बर्दिवास, महोत्तरी

**आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त ) सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको सुचना**

**प्रथम पटक प्रकाशित मिति : ०७३।०३।२०**

बर्दिबास नगरपालिकाको आ.व.०७३।०७४ को मिति ०७३ साल श्रावण १ गते देखि ०७४ साल आषाढ मसान्त सम्ममा आन्तरिक आय संकलनका लागि तपसिल बमोजिम ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति तथा फर्मबाट देहाय बमोजिमको शर्तको अधिनमा रही शिलबन्दी खरिद गरी दाखिला गर्नु हुन आह्वान गरिन्छ।

**शर्तहरु :**

१. दरभाउ पत्र फारम तपसिलमा उल्लेखित गरी दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समय भित्र श्री एकीकृत सेवा केन्द्र बर्दिबास र यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. खरिद गरेको दरभाउ पत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजेसम्म सिलबन्दी गरी खाम बाहिर विवरण प्रस्ट खुलाई यस कार्यालय र एकीकृत सेवा केन्द्र बर्दिबासमा दर्ता गर्न सकिने र दर्ता भएका दरभाउ पत्रहरु कार्यालय प्रतिनिधि तथा दरभाउ पत्र दाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा दर्ता गर्ने अन्तिम दिनको ३:०० बजे पछि बर्दिबास नगरपालिका कार्यालयमा खोलिने दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३. दरभाउ पत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरु भोलि पल्ट कार्यालय खुलेको दिन हुनेछ ।

४. केरमेट गरी सही नगरेको, सही छाप नभएको म्याद नाघी पर्न आएको दरभाउ पत्र स्वीकृत गरिने छैन ।

५. दरभाउ पत्र दाता नेपाली नागरिक भए आफुले कबुल गरेको अंकको ५% र गैरनेपाली नागरिक भए आफुले कबुल गरेको अंकको १०%धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैंक शाखामा रहेको धरौटी खाता नं.ग १००६३००७५१६०८०२२ मा जम्मा गरेको सक्कल बैंक भाउचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा पचहत्तर दिन म्याद भएको विड वण्डको सक्कल प्रति दरभाउ पत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।

६. दरभाउ पत्र दाताले भरेको कबुल रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. ठेक्का वापत नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्ने सबै कर ठेक्कबाट स्वयंमले बुझाउनु पर्नेछ ।

८. ठेक्का स्वीकृत भई किस्ताबन्दीमा रकम दाखिला गर्न चाहेमा पहिलो किस्ता सम्झौता गर्नु पूर्व र बाँकी किस्ताको रकम बराबरको ने.रा.बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यलयको नाममा जारी भएको बैंक ग्यारेन्टी अनिवार्यरुपमा पेश गर्नु पर्नेछ । यस बाहेक कुनै प्रकारको धन जमानी स्वीकार गरिने छैन ।

९. समयमा किस्ता रकम नबुझाएमा बैंक ग्यारेन्टीबाट नगरपालिकाले किस्ता रकम असुल उपर गर्नेछ ।

१०. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुस्ट बुझाएमा पाँच प्रतिशत छुट दिइनेछ ।

११. ठेकेदारले दरभाउ पत्र फारम साथ संलग्न दर रेट अनुसार कर संकलन गर्नु पर्नेछ ।

१२. कुनै कारण देखाई वा नदेखाई दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा निहित रहनेछ ।

१३. ठेक्का चलन ठेक्का सम्बन्धी कबुलियतनामा र पट्टा बमोजिम मात्र गर्न पाइनेछ । कानूनले निषेध गरेको सामग्रीमा कर तथा सेवा शुल्क असुल गर्न पाइने छैन । दर भाउ पत्र छुट्टा छुट्टै खरिद गरि छुट्टा छुट्टै दर्ता गर्नु पर्ने छ ।

१४. दर भाउपत्रदाता र नगरपालिका कार्यालयबीच कुनै किसिमको मतभिन्नता उत्पन्न भए नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१५. ठेक्का सम्बन्धी कुनै जानकारी लिनु परेमा नगरपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१६. यस सूचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

**तपसिल**

| दरभाउपत्र नं. | ठेक्काको किसिम | न्युनतम ठेक अंक रु | दरभाउ पत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १/०७२-०७३ | ब.न.पा. वडा नं. १,२,३ को (जनता उ.मा.वि.बुर्दिबासले लगाएको बजार ठेक्का बाहेक, सडकको क्षेत्राधिकार बाहेक र न.पा.मा दर्ता भई आफ्नो निजी घर वा सटर भाडामा लिई व्यापार व्यवसाय गरेको बाहेक) को स्थानमा लाग्ने बजार तथा गुदरी बजार | ६,००,०००।- | ३००/- | |
| २/०७२-०७३ | ब.न.पा.११ को पंचधुरामाई बजार चेरु चोक | २,२५,०००।- | ३००/- | |
| ३/०७२-०७३ | हनुमान चौक बजार किसाननगर बर्दिबास-८ | ३०,०००।- | ३००/- | |

राम कुमार कार्की
कार्यकारी अधिकृत